# पञ्चपुरी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बाबियाचौर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

प.सं. :-०७७/०७८

मिति :- २०७८/०१/१६

च.नं.:-

**विषय : सुचना/जानकारी सम्बन्धमा ।**

हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट सहितको संक्रमण बढ्दै जादा यस नगरपालिकामा छिमेकी मुलुक भारत र अन्य मुलुकहरुबाट मानिस आउने क्रम जारीरहेकोमा सो बाट यस पञ्चपुरी नगरपालिकामा समुदायस्तरमा पनि बढ्न सक्ने सम्भावित जोखिम लाई गम्भिरतापूर्वक लिदै तथा जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट यस सम्बन्धमा जारी सूचना लाई ध्यानमा राख्दै यस नगरपालिका कार्यालयबाट प्रदान गरिने अत्यावश्यक सेवा वाहेकका सबै सेवाहरु २०७८/०१/१६ गतेदेखि २०७८/०१/२१ गते सम्मका लागि बन्द रहेको तथा यस अवधिभरीमा पञ्चपुरी नगरपालिका कार्यालयका विभिन्न शाखा तथा यस अन्तर्गतका वडा कार्यालयमा कार्यरत कर्मचारीबाट आवश्यक स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरी न्यूनतम सेवा मात्र प्रवाह गरिने व्यहोरा जानकारी गराइन्छ ।

साथै, पञ्चपुरी नगरपालिकाभित्र बाहृय मुलुकबाट तथा जिल्लाबाट आएका नागरिकहरु अनिवार्य होम आइसोलेसनमा बस्न, अत्यावश्यक काम बाहेक घरबाट ननिस्कन, निस्कनै परे अनिवार्य रुपमा मास्क लगाउनुहुनका साथै स्वास्थ्यका मापदण्डहरु अनिवार्य पालना गर्न गरी सुरक्षित रहन समेत सम्पूर्ण नगरवासीहरुमा हार्दिक अनुरोध छ ।

उपेन्द्र बहादुर थापा
(नगर प्रमुख)

उपेन्द्र बहादुर थापा
नगर प्रमुख